# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७८।०६।२०

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखाका संस्थापक सभापति एवं प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार रामबहादुर चन्दको निधन भएको दुःखद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ। ९३ वर्षीय चन्दको आज काठमाडौंमा निधन भएको हो ।

पाँच दशकभन्दा बढी पत्रकारितामा सक्रिय रहेका चन्दलाई नेपाल पत्रकार महासंघले २०५७ सालमा 'प्रेस स्वतन्त्रता सेनानी सम्मान' प्रदान गरेको थियो । उहाँले वि. सं. २०२६ सालमा महाकाली सन्देश साप्ताहिकमा सम्पादक/प्रकाशक भई पत्रकारिता सुरु गर्नुभएको थियो । तत्पश्चात उहाँको सम्पादकत्व र प्रकाशकत्वमा वि.सं. २०३३ सालमा वार्ता साप्ताहिक, वि.सं. २०४९ सालमा जनवार्ता अर्धसाप्ताहिक र वि.सं. २०५३ सालमा चुरे टाइम्स दैनिक पत्रिका प्रकाशन भएको थियो । सुदूरपश्चिम प्रदेशकै पत्रकारिताका धरोहरका रूपमा रहेका चन्दको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अनुभवी र निर्भीक पत्रकार गुमाएको छ भने महासंघ कञ्चनपुर शाखाले अभिभावक गुमाएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय चन्दप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गदै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, यस दुःखद् घडीमा महासंघ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

रोसन पुरी
महासचिव